प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रादेशिक अस्पताल भद्रपुर

कोशी प्रदेश

भद्रपुर, झापा (नेपाल)

☎: ०२३- ५२३०२४

प.स.२०८२/८३

च.नं. १४१६

(छाप: प्रदेश सरकार स्वास्थ्य मन्त्रालय कोशी प्रदेश प्रादेशिक अस्पताल भद्रपुर झापा, नेपाल)

## सेवा करारमा दरखास्त आव्हान सम्बन्धि सूचना ।

**सूचना प्रकाशित मिति २०८३/०२/१४**

यस प्रादेशिक अस्पताल भद्रपुरका लागी तपशिल बमोजिमको पदमा करार सेवामा जनशक्ति पदपुर्ती गर्नु पर्ने भएकाले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र (*मिति २०८३/०२/२८ सम्म*) कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ । दरखास्त आवेदन प्रशासन शाखा र कार्यालयको वेभसाइटमा समेत उपलब्ध हुनेछ ।

**तपशिलः**

| क्र.स. | विज्ञापन नम्बर | पद | तह/श्रेणी | सेवा/समुह | माग पद संख्या | सेवाको किसिम | पाठ्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ९/२०८२-०८३ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं तह | स्वास्थ्य/ज.हे.स. | ५ (पाँच) | बिकास समिति तर्फ-४ जना कार्यक्रम करार तर्फ-१ जना | लोकसेवा आयोगले निर्धारण गरेको । | |
| २. | १०/२०८२-०८३ | फार्मेसी अधिकृत | अधिकृतस्तर सातौं तह | स्वास्थ्य | १ (एक) | बिकास समिति करार | लोक सेवा आयोगले निर्धारण गरेको । | |
| ३. | ११/२०८२-०८३ | फार्मेसी सहायक | सहायकस्तर पाँचौ तह | स्वास्थ्य | २ (दुई) | बिकास समिति करार | लोक सेवा आयोगले निर्धारण गरेको । | |
| ४. | १२/२०८२-०८३ | रेडियोग्राफर | सहायकस्तर पाँचौ तह | स्वास्थ्य | ३ (तीन) | बिकास समिति करार | लोक सेवा आयोगले निर्धारण गरेको । | महिला — २ जना पुरुष — १ जना |
| ५. | १३/२०८२-०८३ | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर चौथो तह | विविध | २ (दुई) | बिकास समिति करार | लोक सेवा आयोगले निर्धारण गरेको । | |

१. **आवश्यक न्युनतम शैक्षिक योग्यताः**
   लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२. **उमेर हदः**
   सहायकस्तर पदको हकमा :- १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको (**स्वास्थ्य सेवा तर्फ मात्र**)।
   तर सहायक कम्प्युटर अपरेटर पदको हकमा १८ बर्ष पुरा भई पुरुषको उमेर ३५ बर्ष र महिलाको उमेर ४० बर्ष ननाघेको ।
   अधिकृतस्तर पदको हकमा :- २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

३. **परीक्षाको किसिम र मिति** : पछि प्रकाशन गरिनेछ ।

४. **तलब तथा सुविधाः** सम्झौतामा उल्लेख भए बमोजिम सेवा सुविधा उपलब्ध हुनेछ ।

५. **दरखास्त दस्तुरः** सहायक स्तर पदको हकमा रु. ७००/- र अधिकृतस्तर पदको हकमा रु. १०००/- लाग्नेछ ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक अस्पताल भद्रपुर
कोशी प्रदेश
भद्रपुर, झापा (नेपाल)

☎: ०२३- ५२३०२४

**६. दरखास्त साथ पेश गर्नु पर्ने कागजातः**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ थान
ख) न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि - १/१ थान
ग) अनुभव भए नियुक्ति पत्रको प्रतिलिपि - १ थान
घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो - ३ थान
ङ) दस्तुर बुझाएको बैंक भौचरको सक्कल प्रति - १ थान
च) सम्बन्धित काउन्सिलमा नाम दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि - १ थान

पेश गरिने कागजात उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

**७. दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणीज्य बैंकको खाता नम्बर-१०००१००२०००१००००, कार्यालयको नाम-**प्रादेशिक अस्पताल भद्रपुर,** राजश्व शिर्षक नं-१४२२९ (अन्य प्रशासनिक दस्तुर), कार्यालय कोड : ३७००२१२०११

**८. दरखास्त बुझाउने स्थानः** प्रादेशिक अस्पताल भद्रपुरको प्रशासन शाखामा कार्यालय समय भित्र आवेदन पेश गर्न सकिनेछ ।

९. कार्यालयले तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको, अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनले अयोग्य नठहराएको वा अन्य कुनै प्रकारले योग्य नभएको उम्मेदवारको दरखास्त स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन् । तोकिएको न्यूनतम शैक्षिक योग्यता नपुगी दस्तुर बुझाएमा दस्तुर फिर्ता नहुने भएकाले कागजात पुगे नपुगेको यकिन गरि आवेदन पेश गर्नु हुन अनुरोध छ ।

१०. बिदेशी शैक्षिक योग्यता प्रमाण पत्रको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

११. स्थानियतालाई प्राथमिकता दिइने हुदाँ स्थानियता प्रमाणित हुने कागजात समेत पेश गर्नु पर्नेछ तथा लक्षित समुदायले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित सिफारिस पेश गर्नु पर्नेछ ।

१२. आवश्यक परेमा संक्षिप्त सुची प्रकाशन गरि छनौट भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सहभागी गराइनेछ ।

१३. मेडिकल अधिकृत पदको प्रतिस्पर्धात्मक परीक्षामा सि.नं. १ मा पर्न सफल उम्मेदवारलाई कार्यक्रम करार तर्फ नियुक्ति दिइनेछ ।

१४. दरखास्त बुझाउने अन्तिम मिति सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन दरखास्त दिन सकिनेछ ।

थप जानकारीको लागी यस अस्पतालको वेभसाइट (https://provincehospital.koshi.gov.np), सूचना पाटीमा हेर्नु वा कार्यालय समयमा प्रशासन शाखा (०२३-५२३०२४) मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**बोधार्थः**

**श्री सुचना प्रविधि शाखा** - website मा सूचना Upload गरि दिनु हुन ।